# मिति २०७८/११/२७गते शुक्रबार ११९ औं कार्यपालिका बैठक

प्रस्तावहरुः

१. अघिल्लो कार्यपालिका बैठक समिक्षा सम्बन्धमा ।

२. गरिब परिवारको प्रारम्भिक सूचिमा समावेश नभएका परिवारहरुलाई सूचीमा राख्न सिफारिस गर्ने सम्बन्धमा ।

३. कृषि बाली क्षतिपूर्ती सम्बन्धमा ।

४. सरसफाई व्यवस्थापन सम्बन्धमा ।

५. वडा नं. ७ को वडा कार्यालय परिसरमा रहेको पुरानो जिर्ण साझा भवन भत्काउने सम्बन्धमा ।

६. लागत साझेदारी रकम व्यहोर्ने सम्बन्धमा ।

(वडा नं. १ र ६ को स्वास्थ्य पूर्वाधार र वडा नं. १९ बालहित प्रा.वि.)

७. बर्थिङ सेन्टरमा कार्यरत करार कर्मचारी सम्बन्धमा ।

८. गरिबसँग विश्वेश्वर कार्यक्रम अन्तर्गत संचालन गरिने कार्यक्रम स्वीकृत सम्बन्धमा ।

९. नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा । (गुरुकुल एकेडेमी)

१०. विपद् पोर्टलमा तथ्याङ्क तथा सूचना व्यवस्थापन सम्बन्धी कार्यविधि २०७८ पारित सम्बन्धमा ।

११. जनता आवास कार्यक्रम सम्बन्धमा ।

१२. बालमैत्री नगर घोषणा सम्बन्धमा ।

१३. आर्थिक सहयोग सम्बन्धमा ।

१३.१ खुम बहादुर खड्का स्मृति पुरुष खुला भलिबल प्रतियोगिता सञ्चालनका लागि ।

१३.२ शहिद लखन कप २०७८ संचालनका लागि ।

१३.३ वडा नं. १८ प्रगति टोल निवासी श्री गुमान सिंह के.सी.को भत्किएको घर निर्माणका लागि ।

१३.४ वडा नं. १४ बस्ने जुठी घर्ती बिटालुलाई छोरीको दाह संस्कार तथा काजक्रिया खर्चका लागि ।

१३.५ दलित गैर सरकारी संस्था महासंघलाई दलित अधिकार सम्मेलन आयोजनाका लागि ।

१४. बहुला कुकुरले टोकी घाइते भएका नागरिकहरुको निःशुल्क उपचार सम्बन्धमा ।

१५. औषधी उपचार खर्च उपलब्ध गराउने सम्बन्धमा ।

१६. घोराही उपमहानगरपालिकाको प्रशासनीक भवन सम्बन्धमा ।

१७. भवन निर्माण व्यवसायी समिति दर्ता सम्बन्धमा ।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समिक्षा गरियो ।

**निर्णय नं. २**

गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत घोराही उपमहानगरपालिकामा संचालन भएको गुनासो सुनावाई कार्यक्रमको तोकिएको म्याद भित्र प्राप्त गुनासोहरुको तथ्य उपर गुनासो सुनुवाई समितिले जाँचबुझ तथा छानबिन गर्दा भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त गरिब परिवारको प्रारम्भिक सूचिमा समावेश नभएका तपसिल अनुसारको व्यक्तिहरु परिवारमुली रहेको परिवारहरुको विवरण गरिब परिवारको सूचिमा समावेश गर्नका लागि भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सिफारिस गर्ने ।

तपसिलः

| क.सं. | परिवारमुलीको नामथर | परिवार संकेत नं. | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | कविता चौधरी | ५१००२०७०२०२५० | घोराही-७ | |
| २ | सिता चौधरी | ५१००२०७०१०५५९ | घोराही-७ | |
| ३ | नुक्की पुन | ५१००२०७०१०५०० | घोराही-७ | |
| ४ | विना चौधरी | ५१००२०७०१०४८९ | घोराही-७ | |
| ५ | कमला श्रेष्ठ | ५१००२०७०१०५१५ | घोराही-७ | |
| ६ | शिव कुमार चौधरी | ५१००२०७०२०२५८ | घोराही-७ | |
| ७ | फुड्या चौधरी | ५१००२०७०२०२७२ | घोराही-७ | |
| ८ | जय कुमारी थारु | ५१००२०७०२०२७२ | घोराही-७ | |
| ९ | शशी हमाल | ५१००२०७०१०७३८ | घोराही-७ | |
| १० | गोवर्धन चौधरी | ५१००२०७०२०२७९ | घोराही-७ | |
| ११ | कालु राम चौधी | ५१००२०७०२०२४५ | घोराही-७ | |
| १२ | विरवल योगी | ५१००२०७०२०००९ | घोराही-७ | |
| १३ | तुताल चौधरी | ५१००२०७०२०२८७ | घोराही-७ | |
| १४ | जगनि थारु | ५१००२०७०२००३० | घोराही-७ | |
| १५ | फुल कुमारी चौधरी | ५१००२०७०२००२९ | घोराही-७ | |
| १६ | सिता चौधरी | ५१००२०७०१०९६८ | घोराही-७ | |
| १७ | प्रेम बहादुर चौधरी | ५१००२०७०१०९४० | घोराही-७ | |
| १८ | ठाकुर प्रसाद खत्री | ५१००२०७०१०१३९ | घोराही-७ | |
| १९ | काली चरण चौधरी | ५१००२०७०१०४८२ | घोराही-७ | |
| २० | माया कुमारी चौधरी | ५१००२०७०१०४५८ | घोराही-७ | |
| २१ | कुमारी डगौरा | ५१००२०७०११०२५ | घोराही-७ | |
| २२ | सिमा चौधरी | ५१००२०७०१०३०५ | घोराही-७ | |

| क.सं. | परिवारमुलीको नामथर | परिवार संकेत नं. | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| २३ | हिरा चौधरी | ५१००२०७०२०३२८ | घोराही-७ | |
| २४ | वृज कुमारी चौधरी | ५१००२०७०२०४६१ | घोराही-७ | |
| २५ | प्रताप सुनार | ५१००२०७०१०४७८ | घोराही-७ | |
| २६ | स्यानी चौधरी | ५१००२०७०२०४३० | घोराही-७ | |
| २७ | रैया चौधरी | ५१००२०७०२०४७० | घोराही-७ | |
| २८ | स्यानी चौधरी | ५१००२०७०२०२५२ | घोराही-७ | |
| २९ | शान्ती चौधरी | ५१००२०७०२०२८४ | घोराही-७ | |
| ३० | किट्टु चौधरी | ५१००२०७०२०२८६ | घोराही-७ | |
| ३१ | दुल्के सुनार | ५१००२०७०१०४७९ | घोराही-७ | |
| ३२ | निर्मल चौधरी | ५१००२०७०२०५७३ | घोराही-७ | |
| ३३ | शिव कुमार चौधरी | ५१००२०७०२०२५८ | घोराही-७ | |
| ३४ | जुगन्या चौधरी | ५१००२०७०२०२८३ | घोराही-७ | |
| ३५ | गिता चौधरी | ५१००२०७०२०२६१ | घोराही-७ | |
| ३६ | कल्पना चौधरी | ५१००२०७०२०२७० | घोराही-७ | |
| ३७ | दयाराम चौधरी | ५१००२०७०२०२३८ | घोराही-७ | |
| ३८ | कौशिला देवी | ५१००२०७०२०२९७ | घोराही-७ | |
| ३९ | अङने चौधरी | ५१००२०७०२०२६४ | घोराही-७ | |
| ४० | सान्ती चौधरी | ५१००२०७०१०३७२ | घोराही-७ | |
| ४१ | देवि पौडेल | ५१००२०७०१०३८१ | घोराही-७ | |
| ४२ | कालीराम चौधरी | ५१००२०७०१००६७ | घोराही-७ | |
| ४३ | सुरेश चौधरी | ५१००२०७०१००६८ | घोराही-७ | |
| ४४ | गिता चौधरी | ५१००२०७०११०२२ | घोराही-७ | |
| ४५ | गिलासराम चौधरी | ५१००२०७०१०९४५ | घोराही-७ | |
| ४६ | वमे चौधरी | ५१००२०७०१००६९ | घोराही-७ | |
| ४७ | रामकुमार शर्मा | ५१००२०७०११००० | घोराही-७ | |
| ४८ | वावुराम चौधरी | ५१००२०७०२०५२८ | घोराही-७ | |
| ४९ | फुलमती चौधरी | ५१००२०७०१०९३० | घोराही-७ | |
| ५० | आशा चौधरी | ५१००२०७०२००३१ | घोराही-७ | |
| ५१ | आशा चौधरी | ५१००२०७०१०९४६ | घोराही-७ | |
| ५२ | अरविन्द चौधरी | ५१००२०७०२०५८७ | घोराही-७ | |
| ५३ | इस्कुले वादी | ५१००२०७०१०४६८ | घोराही-७ | |
| ५४ | पदमकली वादी | ५१००२०७०१०४६७ | घोराही-७ | |

| क.सं. | परिवारमुलीको नाम थर | परिवार संकेत नं. | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| ५५ | मिना चौधरी | ५१००२०७०१०३२९ | घोराही-७ | |
| ५६ | माया कुमारी चौधरी | ५१००२०७०१०३२० | घोराही-७ | |
| ५७ | लिला कुमारी चौधरी | ५१००२०७०१०२५२ | घोराही-७ | |
| ५८ | जुठे थारु | ५१००२०७०२०४३२ | घोराही-७ | |
| ५९ | कृष्ण कुमार चौधरी | ५१००२०७०१०९६१ | घोराही-७ | |
| ६० | सन्चर बहादुर चौधरी | ५१००२०७०१०९४७ | घोराही-७ | |
| ६१ | बदलु चौधरी | ५१००२०७०१०९७६ | घोराही-७ | |
| ६२ | अगनिया चौधरी | ५१००२०९०१०३२४ | घोराही-९ | |
| ६३ | रमा चौधरी | ५१००२०९०१०३१९ | घोराही-९ | |
| ६४ | काली चौधरी | ५१००२०९०१०२६७ | घोराही-9 | |
| ६५ | सौरी वि.क. | ५१००२११०१०६१७ | घोराही-११ | |
| ६६ | अम्मर बहादुर गन्धर्व | ५१००२११०१०५३७ | घोराही-११ | |
| ६७ | निमा गन्धर्व | ५१००२११०१०६३३ | घोराही-११ | |
| ६८ | देवा सेन | ५१००२१४०१०३६४ | घोराही-१४ | |
| ६९ | बल बहादुर थापा | ५१००२१४०१०३९२ | घोराही-१४ | |
| ७० | हिमला चन्द | ५१००२१४०१०३५६ | घोराही-१४ | |
| ७१ | हेम कुमारी न्यौपाने | ५१००२१४०१०३४५ | घोराही-१४ | |
| ७२ | धर्म कुमारी चौधरी | ५१००२१४०१००९० | घोराही-१४ | |
| ७३ | राम चरण चौधरी | ५१००२१४०१०९७८ | घोराही-१४ | |
| ७४ | दिल कुमारी चौधरी | ५१००२१४०१०१०७ | घोराही-१४ | |
| ७५ | शान्ता चौधरी | ५१००२१४०१००९७ | घोराही-१४ | |
| ७६ | चन्द्र सेखर गिरी | ५१००२१४०२०२८६ | घोराही-१४ | |
| ७७ | कुवारी चौधरी | ५१००२१४०१००८४ | घोराही-१४ | |
| ७८ | जितमानी चौधरी | ५१००२१४०१०१६१ | घोराही-१४ | |
| ७९ | लक्ष्मी हमाल नेपाली | ५१००२१४०१०१६७ | घोराही-१४ | |
| ८० | रञ्जिता पुन मगर | ५१००२१४०१०७९७ | घोराही-१४ | |
| ८१ | सन्तोष कुमार गुप्ता | ५१००२१४०२०५०५ | घोराही-१४ | |
| ८२ | केशरी कुमारी चौधरी | ५१००२१४०१०१६४ | घोराही-१४ | |
| ८३ | निर्मला गुप्ता बनिया | ५१००२१४०२०५८३ | घोराही-१४ | |
| ८४ | कैलाश चौधरी | ५१००२१४०११००७ | घोराही-१४ | |
| ८५ | स्यानी चौधरी | ५१००२१४०१०१६५ | घोराही-१४ | |
| ८६ | जितबहादुर चौधरी | ५१००२१४०१०९७७ | घोराही-१४ | |

| क्र.सं. | परिवारमुलीको नामथर | परिवार संकेत नं. | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| ८७ | चमेली कुमारी चौधरी | ५१००२१४०१०१७० | घोराही-१४ | |
| ८८ | राम जानकी चौधरी | ५१००२१४०१०१६८ | घोराही-१४ | |
| ८९ | अनिता चौधरी | ५१००२१४०११०१२ | घोराही-१४ | |
| ९० | घनश्याम चौधरी | ५१००२१४०१००८२ | घोराही-१४ | |
| ९१ | बिमला चौधरी | ५१००२१४०१००७७ | घोराही-१४ | |
| ९२ | विमला चौधरी | ५१००२१४०१००७८ | घोराही-१४ | |
| ९३ | मुरादली दर्जि | ५१००२१४०२०४३४ | घोराही-१४ | |
| ९४ | हमिद हुसैन | ५१००२१४०२०९३८ | घोराही-१४ | |
| ९५ | बलबहादुर चौधरी | ५१००२१४०१०१५० | घोराही-१४ | |
| ९६ | रिमा चौधरी | ५१००२१४०११०१४ | घोराही-१४ | |
| ९७ | माया चौधरी | ५१००२१४०१०१५६ | घोराही-१४ | |
| ९८ | शान्ता चौधरी | ५१००२१४०१०१७६ | घोराही-१४ | |
| ९९ | प्यारी चौधरी | ५१००२१४०१०११० | घोराही-१४ | |
| १०० | बसन्ती चौधरी | ५१००२१४०१०१९३ | घोराही-१४ | |
| १०१ | आशा चौधरी | ५१००२१४०१००७० | घोराही-१४ | |
| १०२ | शुष्मा कुमारी चौधरी | ५१००२१४०१०१८४ | घोराही-१४ | |
| १०३ | दिल बहादुर चौधरी | ५१००२१४०१००७९ | घोराही-१४ | |
| १०४ | तुलसा मगर | ५१००२१७०१०१४९ | घोराही-१७ | |

**निर्णय नं. ३**

बेमौसमी वर्षाका कारण धानबालीमा भएको क्षती वापत प्रदान गरिने क्षतिपूर्तिका लागि वडाबाट प्राप्त विवरण सम्बन्धमा घोराही उपमहानगरपालिकाका प्रत्येक वडामा दावि विरोधका लागि सात दिने सूचना प्रकाशित गरी सकेको अवस्थामा माग भए बमोजिमको राहत अनुदान रकम रु. ७,१२,०५,३६१।– (सात करोड बाह्र लाख पाँच हजार तिन सय एक्सठ्ठी मात्र) बेमौसमी वर्षाका कारण धान बालीमा क्षती पुगेका किसानहरुलाई राहत उपलब्ध गराउने मादण्ड २०७८ बमोजिम घोराही उपमहानगरपालिकाको स्थानीय विपद व्यवस्थापन सिफारिस समितिको मिति २०७८।११।२७ गते बसेको बैठकको निर्णय अनुसार राहत अनुदान मागका लागि जिल्ला प्रशासन कार्यालय विपद व्यवस्थापन समितिमा सिफारिस गरी पठाउने ।

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिका अन्तर्गत सरसफाई व्यवस्थापन शाखाबाट व्यवस्थापन हुँदै आएको यस उपमहानगरपालिकाबाट उत्पादन हुने गल्ने नगल्ने फोहर व्यवस्थापनका लागि निजि क्षेत्रसँग प्रस्ताव आह्वान गरिएकोमा स्रोत व्यवस्थापन प्रा.लि. वालिङ १० स्याङ्जाबाट मात्र प्रस्ताव पेश भएको र उक्त प्रस्ताव अध्ययन गर्दा सम्झौता गर्न उपयुक्त भएको भनी सरसफाई व्यवस्थापन शाखाबाट सिफारिस भएकोले यस घोराही उपमहानगरपालिका क्षेत्रभित्रको फोहर व्यवस्थापनका लागि प्रस्तावक स्रोत व्यवस्थापन प्रा.लि. वालिङ १० स्याङ्जासँग सम्झौता गर्ने ।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिकाको ७ नं. वडा कार्यालय परिसरमा रहेको साझा संस्थाको पुरानो जिर्ण अवस्थामा रहेको भवन जुनसुकै समयमा भत्कन गई मानवीय क्षति हुने सम्भावना समेत रहेको हुँदा उक्त भवन भत्काउनका लागि ७ नं. वडा कार्यालयको च.नं. १४७६, मिति २०७८।१०।२७ गतेको पत्रबाट अनुमति माग भई आएकोले भवनबाट निस्कने काठ तथा अन्य काम लाग्ने वस्तुहरु उक्त वडामा निर्माण हुने जेष्ठ नागरिक भवनमा प्रयोग हुने गरी भत्काउन अनुमति दिने ।

**निर्णय नं. ६**

तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत घोराही उपमहानगरपालिकामा आ.व. ०७८/०७९मा सञ्चालन हुने स्वास्थ्य चौकी पूर्वाधार निर्माण शीर्षकमा केन्द्रीय अनुदान रकम रु ३० लाख प्राप्त भएकोमा उक्त रकम मध्ये रु. १५ लाख वडा नं. १ र रु. १५ लाख वडा नं. ६ मा स्वास्थ्य चौकीको पूर्वाधार निर्माणमा खर्च गर्ने निर्णय घोराही उपमहानगरपालिकाको मिति २०७८।०४।११ गते बसेको कार्यपालिकाको १०९औं बैठकबाट भएकोमा उक्त रकमको १० प्रतिशतले हुन आउने रकम लागत साझेदारी वापत व्यहोर्नु पर्ने भएको हुँदा रकम रु. १ लाख ५० हजारका दरले हुन आउने रकम रु. ३ लाख र शैक्षिक पूर्वाधार निर्माण तर्फ वडा नं. १९ स्थित श्री बाल हित प्रा.वि. भवन निर्माणका लागि प्राप्त अनुदान रकम रु. ३० लाखको १० प्रतिशतले हुन आउने रकम रु. ३ लाख गरी जम्मा ६ लाख घोराही उपमहानगरपालिकाको सडक बोर्ड झोलुङ्गे पुल र अन्य म्याचिङ फन्ड शीर्षकबाट खर्च हुने गरी उक्त लागत साझेदारी वापतको रकम घोराही उपमहानगरपालिकाले व्यहोर्ने ।

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिका भित्र सञ्चालनमा रहेका ८ वटा बर्थिङ सेन्टरहरुमा कार्यरत तपसिल बमोजिमका अ.न.मी.हरुले घोराही उपमहानगरपालिकाको आ.व. २०७८।०७९का लागि संघीय सरकारबाट हस्तान्तरित शसर्त अनुदान तर्फको **मातृ तथा नवशिशु कार्यक्रम** शीर्षकको जम्मा रकम २१,५८,०००।– (एक्काइस लाख अन्ठाउन्न हजार) मध्ये अस्पताल तथा बर्थिङ सेन्टर रहेका स्वास्थ्य चौकीहरुमा २४ घण्टा प्रसुती सेवा सञ्चालन गर्न नर्सिङ कर्मचारी करारमा नियुक्ति उपशीर्षकमा रकम रु. १२,७८,०००।– (बाह्र लाख अठहत्तर हजार मात्र) विनियोजन भएकोमा उक्त रकमबाट १० जना कार्यरत अ.न.मीहरुले दामासाहीले हुन आउने मासिक रु.१४,२००।– पारिश्रमिक लिई आ.व. २०७८/०७९को असार मसान्तसम्म कामकाज गर्न मञ्जुर रहेको भनि मिति २०७८।१०।२५ गते यस कार्यालयमा निवेदन दिनुभएको र सोही अनुसार कामकाज लगाउन उपयुक्त छ भनी जनस्वास्थ्य प्रवर्द्धन शाखाबाट सिफारिस समेत भई आएको हुँदा उपर्युक्त अनुसार पारिश्रमिक दिनेगरी कामकाजमा लगाउने ।

**तपसिलः**

| सि.नं. | नाम थर | कार्यरत कार्यालय | कैफियत |
|---|---|---|---|
| १ | हिरा पन्थी | नारायणपुर शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्र | |
| २ | लिला के.सी. | नारायणपुर शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्र | |
| ३ | सुनिता भण्डारी | लक्ष्मीपुर स्वास्थ्य चौकी | |
| ४ | लक्ष्मि चौधरी | रामपुर शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्र | |
| ५ | राममोति चौधरी | ढिकपुर स्वास्थ्य चौकी | |
| ६ | रुपा बुढाथोकी | ढिकपुर स्वास्थ्य चौकी | |
| ७ | रिणु थापा | सौडियार स्वास्थ्य चौकी | |
| ८ | डोमा न्यौपाने भण्डारी | धर्ना स्वास्थ्य चौकी | |
| ९ | कुमारी सुनार | सैघा स्वास्थ्य चौकी | |
| १० | सुनिता चौधरी | हापुर स्वास्थ्य चौकी | |

**निर्णय नं. ८**

आ.व. २०७८/०७९का लागि घोराही उपमहानगरपालिका वडा नं. ५, १३ र १८ मा संचालित गरिवसँग विश्वेश्वर कार्यक्रमलाई उपलब्ध सशर्त पुँजी अनुदान रकम रु. २,५०,०००।– (दुई लाख पचास हजार मात्र) उक्त वडाहरुमा गठित समूहहरुले विभिन्न मितिमा बैठक बसी गरेको निर्णय अनुसार प्राप्त रकम तपसिल अनुसार कार्यक्रम संचालनका लागि खर्च गर्न स्वीकृती दिने ।

**तपसिलः**

| सि.नं. | वडा नं. | कार्यक्रम | कैफियत |
|---|---|---|---|
| १ | ५ | १ दिने कृषि सम्बन्धी तालिम र धानको बिउ माग गर्ने । | |
| २ | १३ | गरिबी निर्वाह आय आर्जन बृद्धी सम्बन्धी कार्यक्रम | |
| ३ | १८ | आय आर्जन बृद्धिका लागि कृषि सामग्री वितरण | |

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिका वडा नं. १५ स्थित गुरुकुल एकेडेमीले कक्षा ११ मा व्यवस्थापन संकाय संचालन गर्न गत आ.व.मा नै अनुमति माग गरेको र सो सम्बन्धमा विद्यालय अनुगमन उपसमितिको बैठकको निर्णय एवं घोराही उपमहानगरपालिकाको मिति २०७८ साउन १५ गते बसेको नगर शिक्षा समितिको बैठकको निर्णय अनुसार गुरुकुल एकेडेमीलाई कक्षा ११ मा व्यवस्थापन संकाय संचालनका लागि अनुमति दिने ।

**निर्णय नं. १०**

विपद् पोर्टलमा तथ्याङ्क तथा सूचना व्यवस्थापन सम्बन्धी कार्यविधि २०७८ पारित गर्ने ।

**निर्णय नं. ११**

खरको छाना भएका घर परिवारहरुलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित आवास कार्यक्रम कार्यान्वयनका लागि केन्द्रिय सुरक्षित नागरिक आवास समन्वय समितिको मिति २०७८।१०।१३ को बैठकको निर्णय अनुसार यस घोराही उपमहानगरपालिकाको निर्वाचन क्षेत्र नं. १ का लागि(वडा नं. १,२,३ र ५) ५०० घरधुरीहरु लाभग्राही थप निर्धारण गरिएको र जिल्ला स्तरीय सुरक्षित नागरिक आवास समन्वय समितिको मिति २०७८।११।२२ गते बसेको बैठकले लाभग्राहीहरुको निवेदन संकलनका लागि दाङ जिल्ला क्षेत्र नं. १ अन्तर्गत घोराही उपमहानगरपालिकाका वडा नं. १,२,३ र ५ नं. वडाका विपन्न एवं खरको छाना भएका घर परिवारबाट सम्बन्धीत वडामा निवेदन संकलनका लागि १० दिने सूचना प्रकाशित गर्ने ।

**निर्णय नं. १२**

बालमैत्री नगर घोषणाको लागि सबै प्रक्रिया पुरा भैसकेको र जिल्ला समन्वय समितिको अनुगमन समेत भैसकेको अवस्थामा प्रदेश सरकार समक्ष अनुगमन र अनुमतीको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउने। साथै २०७८ साल चैत्र मसान्तसम्म घोराही उपमहानगरपालिकालाई बाल मैत्री नगर घोषणा गर्ने ।

**निर्णय नं. १३**

१३.१ नेपाली कांग्रेस दाङको आयोजनामा घोराहीमा हुन लागेको खुम बहादुर खड्का स्मृति पुरुष खुला भलिबल प्रतियोगिता सञ्चालन हुने भएकाले उक्त प्रतियोगिता कार्यक्रम सञ्चालनका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि नेपाली काँग्रेस जिल्ला कार्यसमिति खुम बहादुर खड्का स्मृति खेलकुल समिति दाङको च.नं. ०२, मिति २०७८।११।०२ को पत्रबाट अनुरोध भई आएकोले प्रतियोगिताका लागि आर्थिक सहयोग स्वरुप रकम रु. ७५,०००।– (पचहत्तर हजार मात्र) घोराही उपमहानगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा अन्तर्गत रहेको उपमेयर कप भलिबल मावि स्तर शीर्षकबाट उपलब्ध गराउने ।

१३.२ नेपाल मगर संघ घोराही उपमहानगर समितिको आयोजनामा सञ्चालन भएको शहिद लखन कप २०७८ लाई आर्थिक सहयोग गरिदिनुहुन भनि नेपाल मगर संघ नगर कार्यसमिति घोराही उपमहानगरपालिका दाङको च.नं. ८८, मिति २०७८।११।१० गतेको पत्रबाट अनुरोध भई आएकोले शहिद लखन कप २०७८ संचालनका लागि सहयोग स्वरुप रु. ७५,०००।– (पचहत्तर हजार मात्र) घोराही उपमहानगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा अन्तर्गत रहेको उपमेयर कप भलिबल मावि स्तर शीर्षकबाट उपलब्ध गराउने ।

१३.३ घोराही उपमहानगरपालिका वडा नं. १८ प्रगति टोल निवासी श्री गुमान सिंह के.सी.को नेपाली सेनाको गेट देखि रानी जरुवा जोड्ने सडक निर्माण गर्दा घर भत्कन गई क्षति पुगेको र उहाँको आर्थिक अवस्था कमजोर भएकोले उहाँलाई घर निर्माणका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि १८ नं. वडा कार्यालयको च.नं. ३९१९, मिति २०७८।११।२६ को सिफारिस पत्रसाथ अनुरोध भई आएकोले उहाँलाई घर निर्माणको लागि सहयोग स्वरुप रकम रु. ३०,०००।(तिस हजार मात्र) घोराही उपमहानगरपालिकाको सामाजिक सुरक्षा शीर्षकबाट उपलब्ध गराउने ।

१३.४ घोराही उपमहानगरपालिका वडा नं. १४ बस्ने जुठी घर्ती बिटालुको छोरी सपना बि.क.को लामो समयदेखि उपचार भई उपचारकै क्रममा मृत्यू भएको र जुठी घर्ती बिटालुको आर्थिक अवस्था कमजोर भएकोले उहाँलाई छोरीको दाह संस्कार, कृया खर्चका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि १४ नं. वडा कार्यालयको च.नं. २१५१, मिति २०७८।११।१८ गतेको सिफारिस पत्रसाथ अनुरोध भई आएकोले उहाँ(जुठी घर्ती बिटालु)लाई सहयोग स्वरुप प्राप्त विल अनुसारको रकम रु. १४,६९०।– (चौध हजार छ सय नब्बे मात्र ) घोराही उपमहानगरपालिकाको सामाजिक सुरक्षा शीर्षकबाट उपलब्ध गराउने ।

१३.५ दलित समुदायका संवैधानिक अधिकारको प्रभावकारी कार्यान्वयन, दलित समुदायका जनप्रतिनिधिहरुको अनुभव र प्रभावकारी सहभागिताका लागी रणनीति विषयमा लुम्बिनी प्रदेशमा यही मिति २०७८ साल चैत्र २२ देखि २४ सम्म संचालन हुने दलित अधिकार सम्मेलन आयोजनाका लागि दलित गैर सरकारी संस्था महासंघको च.नं. ८५/७८/०७९, मिति २०७८।११।२१ गतेको पत्रबाट आर्थिक सहयोगका लागि अनुरोध भई आएकोले उक्त गैर सरकारी संस्थालाई सहयोग स्वरुप रकम रु. १,००,०००।– (एक लाख मात्र) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

**निर्णय नं. १४**

मिति २०७८ माघ १ गतेदेखि १५ गतेसम्म घोराही उपमहानगरपालिकामा बहुला कुकुरको बिगबिगि बढेको र सो मितिमा बहुला कुकुरले टोकी घाइते बनाएका घोराही उपमहानगरपालिकाका नागरिकहरुलाई निःशुल्क उपचारको लागि सम्बन्धीत वडाको सिफारिसमा घोराही उपमहानगरपालिकाको जनस्वास्थ्य प्रबर्द्धन शाखा अन्तर्गत वार्षिक बजेटमा रहेको सि.नं. २०४, एन्टिजेन परिक्षण तथा कोभिड भ्याक्सिन व्यवस्थापन शीर्षकबाट खर्च हुने गरी घाइतेहरुको निःशुल्क उपचारको व्यवस्था मिलाउने।

**निर्णय नं. १५**

घोराही उपमहानगरपालिकाको सरसफाई व्यवस्थापन शाखामा कार्यरत तपसिल बमोजिमका सरसफाई कर्मचारीहरुले आफु सरसफाईको काममा खटिएकै अवस्थामा बिरामी पर्न गएको र आफ्नो आर्थिक अवस्था समेत कमजोर रहेकोले स्वास्थ्य उपचारको क्रमका लागेको औषधी उपचार खर्च वापतको रकम सहयोगका लागि यस कार्यालयमा निवेदन दिनुभएकोले उहाँहरुलाई खर्च भएको औषधी उपचारको विल अनुसार आर्थिक सहयोग स्वरुप घोराही उपमहानगरपालिकाको औषधी उपचार खर्च शीर्षकबाट उपलब्ध गराउने ।

तपसिलः

| सि.नं. | कर्मचारीको नाम थर | सहयोग रकम | कैफियत |
|---|---|---|---|
| १ | तुलसी चौधरी | १७,३८०।- | |
| २ | राधा बि.क. | २७,१४०।- | |

**निर्णय नं. १६**

घोराही उपमहानगरपालिकाको नयाँ प्रशासकीय भवन निर्माणका लागि घोराही उपमहानगरपालिका र गौरी पार्वती/भुसाल/बस्नेत जे.भी. सिनामंगल काठमाण्डौ विच मिति २०७८।०१।०६ गते ठेक्का सम्झौता भएको र सम्बन्धीत निर्माण व्यवसायीले Work schedule अनुसार समयमै कार्य प्रारम्भ नगरी काम गर्न अत्यन्त ढिलाई गरेको र Work schedule अनुसार काम नहुँदा सो वरीपरीका भौतिक संरचना समेत अत्यन्त जोखिममा रहेकोले तत्काल Work schedule अनुसार कार्य प्रारम्भ गर्न सम्बन्धीत निर्माण व्यवसायीलाई यस कार्यालयको च.नं. २९५४, मिति २०७८।९।२ च.नं. ३२३०, मिति २०७८।९।१८, च.नं. ३६२ मिति २०७८।१०।७ गतेको पत्र मार्फत अनुरोध गरिएको र २०७८।१०।१७ गतेको राष्ट्रिय पत्रिकामा समेत सूचना प्रकाशन गरीएको साथै सो सम्बन्धमा च.नं. ४१६३ मिति २०७८।११।०८ गते पेश्की रकमको खर्च विवरण एवं संशोधित कार्य विवरण पेश गर्न अनुरोध गरीएकोमा ती सबै पत्र एवं सूचनाको वेवास्ता गर्दै हालसम्म कुनै जवाफ नपठाएको, गैर जिम्मेवारपूर्ण तरिकाले काममा अत्यन्त ढिलाई गरेकोले सो वरीपरीका भौतिक संरचना अत्यन्त जोखिम अवस्थामा रहेको हुँदा ठेकेदार कम्पनीको लापरवाहीको कारण आगामी वर्षात लगायत जुनसुकै समयमा कुनै मानवीय एवं भौतिक क्षति भएमा क्षति भएको संरचना नयाँ निर्माण गर्दा लाग्ने लागत बराबरको सम्पूर्ण क्षतिपूर्ति (खर्च) सम्बन्धीत निर्माण व्यवसायीबाट सरकारी बाँकी सरह असूल उपर गर्ने ।

**निर्णय नं. १७**

घोराही उपमहानगरपालिका क्षेत्रभित्र, भवन निर्माण व्यवसायीहरुले यस उपमहानगरपालिका क्षेत्रभित्र उपमहानगरपालिकाको भवन निर्माण आचार संहिताको पालना गर्दै आइरहेकोमा केही निर्माण व्यवसायीहरुले नियम विपरित कार्य गर्दै आएको पाइएकोले त्यस खालको प्रवृत्तिलाई निरुत्साहित गर्न भवन निर्माण समिति गठन गरी सबै निर्माण व्यवसायीहरुलाई उक्त समिति भित्र दर्ता गराई भवन निर्माणमा एकरुपता प्रदान गर्ने उद्देश्यले भवन निर्माण व्यवसायी समिति दर्ता प्रकृयाका लागि १८ नं. वडा कार्यालयको सिफारिस साथ अनुरोध भई आएकोले विधिवत रुपमा विधान निर्माण गरी समितिको क्षेत्राधिकार घोराही उपमहानगरपालिका भित्र मात्र रहने गरी संस्था दर्ता गरी कार्य गर्न स्वीकृती दिने ।